सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/2023-2025

वर्ष ५७ | गान्तोक, (बिहीवार) १८ जुलाई, २०२४ | अङ्क २१

## शिवमन्दिरको जीर्णोद्धार र राजभवनको सौन्दर्यीकरणको लागि तीनदिने महानुष्ठान सम्पन्न



राजभवन
शिवमन्दिरको जीर्णोद्धार र राजभवनको सौन्दर्यीकरणको लागि तीनदिने महानुष्ठान समारोह गत १५ जिलाईको दिन माननीय राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य, श्रीमती कुमुद देवी र विशिष्ट व्यक्तित्व तथा अतिथिहरूको उपस्थितिमा सम्पन्न भयो। राज्यपालको साथमा, विधानसभाका अध्यक्ष श्री मिङ्मा नर्बु शेर्पा, धर्म विभागका मन्त्री सोनम लामा, शिक्षा मन्त्री श्री राजु बस्नेत, गान्तोक विधायक श्री दिले नामग्याल बर्फुङ्पा, मुख्य सचिव श्री भी.बी, पाठक उपमेयर, साथै अन्य विशिष्ट आमन्त्रितहरूको उपस्थिति थियो। राज्य, राष्ट्रको शान्ति, समृद्धि र हितका लागि राज्यपाल र महानुभावहरूलाई आमन्त्रित गरी हवन यज्ञ सम्पन्न भयो।

महानुष्ठान सम्पन्न भएपछि प्रा. माधव

*रहल पृष्ठ २ मा..*

## २१०औँ भानुजयन्ती कार्यक्रममा मन्त्री श्री अरुणकुमार उप्रेतीले जनाउनुभयो सहभागिता



गान्तोक।
गान्तोकस्थित मनन केन्द्रको सम्मेलन कक्षमा २१०औँ भानु जयन्ती भव्यताको साथ पालन गरियो। नेपाली साहित्य परिषद् सिक्किमको तत्वधानमा आयोजना गरिएको उक्त कार्यक्रममा साहित्य सङ्गीत चित्रकला साथै अन्य विभिन्न कलाहरूले समाजमा प्रेरणा प्रदान गर्दै आउनु हुँने विशेष व्यक्तित्वलाई सम्मान गरियो।

कार्यक्रममा सिक्किम सरकारका ग्रामीण विकास विभाग अनि प्राधिकरण विभागका मन्त्री श्री अरुणकुमार उप्रेती प्रमुख अतिथिको रूपमा उपस्थिति हुनुभयो। गान्तोक निर्वाचन क्षत्रका विधायक श्री दिले नामग्यल बर्फुङपा, भानु जयन्ती समारोह समितिका अध्यक्ष, बुर्तुक निर्वाचन क्षेत्रकी विधायीका श्रीमती कला राई सम्मानित अतिथिको रूपमा उपस्थिति थियो।

मन्त्री श्री अरूणकुमार उप्रेती कार्यक्रमका प्रमुख अतिथिले आफ्नो सम्बोधनमा २१०औँ भानु जयन्तीको अवसरमा उपस्थित सम्पूर्ण नेपाली भाषीहरूप्रति शुभकामना व्यक्त गर्नुभयो।

मन्त्रीले भन्नुभयो आदिकवि भानुभक्त आचार्यको २१० औँ जन्मजयन्ती मनाउन हामी यहाँ भेला भएका हौँ। नेपाली समाजमा भानुभक्तको ठूलो योगदानलाई झल्काउने भएकाले यस वर्षको भानुजयन्तीको नारा ‘हाम्रो एकता हाम्रो समृद्धि’ निकै अर्थपूर्ण छ।

भानुभक्त आचार्यले काव्य सौन्दर्य मात्र

*रहल पृष्ठ २ मा..*

## मुख्यमन्त्रीद्वारा ३५ फिट लामो गुरु पद्मसम्भव थाङ्का फहराइयो



गान्तोक।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत १६ जुलाईको दिन देवरालीको डो–डुल छोर्तेनमा महामहिम थोग्मे टुल्कु रिम्पोछेको उपस्थितिमा गुरू रिम्पोछे ढुङ्कार समोरोहमा सहभागी बन्नुभयो।

समारोहमा गुरू पद्मसम्भव र बौद्ध धर्मको मन सार शिक्षाका वंश गुरूजन कुन्ख्येन लोड्छेन रब्जाम जिक्पे लिङ्गापा र प्रथम ढुपचेन जिक्मे थिन्ले ओजरलाई दर्शाइएको एक भव्य ३५ फिट लामो थाङ्का फहराइएको थियो, जसलाई हालै डो–ढुपचेन छोर्तेन गुम्बाले प्राप्त गरेको थियो। यस अवसरमा भव्यता र अध्यात्मिक महत्वलाई बढ़ाएको छ।

यो पवित्र कार्यक्रमले एक सहन आध्यामिक अनुभव प्रदान गऱ्यो, जसले समुदायलाई सद्भाव र उत्थानमा एकजुट बनायो। सिक्किम बौद्ध दुछेन सङ्गठन र सिक्किम बौद्ध सङ्घद्वारा कार्यक्रम आयोजन गरियो।

## मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ ‘गोरखा गौरव’ पुरस्कारद्वारा सम्मानित




सिलगढी।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ गत १४ जुलाईको दिन कडा परिश्रमलाई सम्मान गर्दै प्रतिष्ठित ’गोरखा गौरव सम्मानले सम्मानित हुनुभयो। यो मान्यताले राष्ट्रकै एकमात्र गोरखा मुख्यमन्त्रीका रूपमा उहाँको अद्वितीय स्थानलाई उजागर गरेको छ।

मुख्यमन्त्रीलाई सिलगढीमा नेपाली हिमालय दर्पण पत्रिकाको २३औँ वार्षिकोत्सवको अवसरमा राज्य र जनताका लागि उल्लेखनीय योगदानको कदर गर्दै ‘गोरखा गौरव सम्मान’ बाट सम्मानित गरिएको हो।

उहाँले भन्नुभयो, ‘म यो अवार्ड आदरणीय जनतारूलाई समर्पित गर्दछु, जसको निरन्तर समर्पण र कडा परिश्रमले म राष्ट्रको एक मात्र गोरखा मुख्यमन्त्री भएको छु।

कार्यक्रममा मुख्यमन्त्री साथै, श्री श्री १०८ मोहन प्रियाचार्य, प्रणामी धर्म गुरुको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सांसद दार्जिलिङ (लोकसभा) श्री राजु विष्ट, विधायक दार्जिलिङ श्री निरज जिम्बाको उपस्थितिमा दर्पण पब्लिकेसनद्वारा

*रहल पृष्ठ ३ मा..*

## २१०औं भानुजयन्ती .....

नदेखेर आफ्नो लेखनबाट जनता र समाजलाई सुधार्न मद्दत गरेकोले भानुभक्त आचार्यलाई 'आदिकवि' भनेर सम्मान गरिएको उहाँले बताउनुभयो।

नेपाली भाषालाई सरल, सुलभ र समावेशी बनाएर समाजलाई एकताबद्ध गराउन आदिकविले महत्वपूर्ण भूमिका निर्वाह गरेको मन्त्रीले बताउनुभयो।

भानुभक्तले संस्कृत महाकाव्य 'रामायण' लाई नेपाली भाषामा अनुवाद गरेपछि रामायणको कथा र शिक्षालाई आम मानिसमा पुऱ्याएको, साझा सांस्कृतिक सम्पदा सृजना भएको र नेपाली साहित्यको विकासमा ठूलो योगदान पुगेको उहाँले बताउनुभयो।

मन्त्रीले रामायण बाहेक भानुभक्तका कृतिले सामाजिक समस्याको गहिरो खोजी गर्दै सामाजिक पूर्वाग्रह र अन्धविश्वासलाई उजागर गरेको उनको कृति 'भक्तिनाको ब्याथा' मा देखाइएको पनि बताउनुभयो। उहाँले अझ भन्नुभयो कि हामीले भानु जयन्ती मनाउने क्रममा भानुभक्तको योगदानलाई सम्झनु मात्रै नभई उहाँका विचार र शिक्षाबाट प्रेरणा लिनु पनि महत्त्वपूर्ण रहेको अनि उहाँका विचारलाई आत्मसात् गरेर नेपाली भाषा, साहित्य र संस्कृतिलाई समृद्ध बनाउन निरन्तर लागिरहन सक्नुपर्छ भन्ने कुरालाई थप रूपमा जानकारी गराउनुभयो।

मन्त्री श्री उप्रेतीले, भानुभक्तको विरासतलाई सम्मान गर्न सबैले सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न प्रतिबद्ध हुनुपर्छ। भानुभक्तको योगदान र शिक्षालाई भावी पुस्तामा बाँड्दा साहित्यिक परम्पराको उज्यालो भविष्य सुरक्षित गर्न मद्दत पुग्छ, भन्ने कुरालाई राख्नुभयो।

उहाँले, भानुभक्त आचार्यले हामीलाई एकता नै समृद्धिको आधार हो भन्ने सिकाउनुभएको थियो, उहाँको मार्गमा लागेर सामाजिक विभेदलाई हटाउन र सबैका लागि समान अवसर सुनिश्चित गर्न सकिन्छ। सम्बोधनको समापनमा उहाँले आदिकविको मार्गमा लागेर समाजको उन्नतिमा योगदान पुऱ्याउन सबैलाई आग्रह गर्नुभयो।

सम्बोधनको क्रममा मुख्यमन्त्रीका पूर्व प्रेस सल्लाहकार श्री सीपी शर्माले आदिकवि भानुभक्त आचार्यको जीवन र साहित्यमा पुऱ्याएको योगदानको बारेमा बताउनुभयो। श्री शर्माले भानुभक्तका कविताहरू र वाल्मीकिको रामायणको नेपालीमा अनुवाद लगायतका महत्वपूर्ण उपलब्धिहरूलाई प्रकाश पार्दै उहाँले भन्नुभयो, भानुभक्तको साहित्यिक विरासतलाई जोड दिँदै युवा पुस्तालाई आफ्नो भाषा र सम्पदाको संरक्षण र संवर्द्धन गर्न आग्रह गर्नुपर्छ।

नेपालका प्रथम कवि (आदिकवि)का रुपमा पूज्ने भानुभक्त आचार्यको जन्म सन् १८१४ मा तनहुँ जिल्लामा भएको शर्माले बताउनुभयो। आचार्य महाकाव्य रामायणलाई संस्कृतबाट नेपालीमा अनुवाद गरेर सर्वसाधारणमा पुऱ्याउनका लागि परिचित रहेको उहाँले बताउनुभयो। उहाँले यो ऐतिहासिक अनुवादले नेपाली साहित्यलाई समृद्ध मात्र नभएर संस्कृति र भाषाको उत्थानमा पनि महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

श्री शर्माले नेपाली भाषा र संस्कृतिप्रति सरलता र गहिरो समर्पणका लागि परिचित भानुभक्तका काव्य रचनाहरू औंल्याउनुभयो।

भानुभक्तको योगदानले नेपाली साहित्यमा अमिट छाप छोडेको छ, अनगिन्ती कवि र लेखकहरूलाई उहाँको पाइला पछ्याउन प्रेरित गरेको उहाँले बताउनुभयो।

यसअघि नेपाली साहित्य परिषद सिक्किमका अध्यक्ष श्री हरि ढुङ्गेलले दीप प्रज्वलन र स्वागत मन्तव्य राखेर कार्यक्रमको सुरुवात गरिएको थियो।

कार्यक्रममा पाकिम जिल्ला नाम्चेबुङका श्री डुप छिरिङ लेप्चालाई भानु पुरस्कार-२०२४ प्रदान गरियो।

त्यसैगरी, ख्यातिप्राप्त व्यक्तित्वहरूलाई निम्न पुरस्कारबाट सम्मानित गरिएको थियो:

- श्री भास्कर पौड्याल (भाषा सेवा श्री सम्मान) - नामफिङ, नाम्ची जिल्ला
- श्री उदवगोपाल श्रेष्ठ (साहित्य सेवा श्री सम्मान) रङ्खेली पाकिम जिल्ला
- श्री धनकुमार गुरुङ (संगीत सेवा श्री सम्मान) बर्फोक, गेजिङ जिल्ला।
- डा. भरत बसिष्ट (नाट्य सेवा श्री सम्मान) तारपिन रिनक, पाकिम जिल्ला
- श्री नन्दु धुतराज (पत्रकारिता सेवा श्री सम्मान) सिङ्ताम, गान्तोक जिल्ला
- श्री धिरज प्रधान (चित्रकारिता सेवा श्री सम्मान) रिनक पाकिम जिल्ला
- सुश्री गायत्री राई (नृत्य सेवा श्री सम्मान) संस्कृति विभाग,
- सुश्री कला भोटिया (नृत्य सेवा श्री सम्मान) संस्कृति विभाग,
- सुश्री ममता सिंह सिन्चुरी (नृत्य सेवा श्री सम्मान) संस्कृति विभाग,

त्यसैगरी, लेप्चा र भोटिया भाषामा योगदान पुर्याएबापत निम्न व्यक्तित्वहरूलाई भाषा गौरव सम्मान प्रदान गरियो।

१. श्री दावा छिरिङ लेप्चा, रिन्चेनपोङ, सोरेङ जिल्ला

२. श्री कर्मा लोब्जाङ भोटिया, ताथाङचेन, गान्तोक जिल्ला

आयोजक समितिले यसवर्ष अन्तरविद्यालय तथा खुला रामायण पाठ, कविता पाठ, झाँकी र परम्परागत जुलूस प्रतियोगिता आयोजना गरेको थियो।

अन्तर विद्यालय रामायण पाठ प्रतियोगिताका विजेता–

मोर्डन उच्च माध्यामिक विद्यालय

ताादोङ उच्च माध्यामिक विद्यालय

सिचे उच्च माध्यामिक विद्यालय।

रामायण पाठ–

प्रनिता शर्मा साम्दोङ (गान्तोक जिल्ला)

रूम्तेक चिन्जे समूह– रूम्तेक( गान्तोक जिल्ला

रिता शर्मा सिङ्ताम (गान्तोक जिल्ला)

अन्तर विद्यालय कविता प्रगियोगिता विजेता–

पासाङ छिरिङ तामाङ –सर टाशी नाम्गेल उच्चतर माध्यामिक विद्यालय गान्तोक जिल्ला।

नैनाकला छेत्री– सिचे उच्चतर माध्यामिक विद्यालय गान्तोक।

सुधानामा लिम्बू– बोझोघारी उच्च

रहल पृष्ठ ४ मा..

# जिल्ला विकास अनुगमन समितिको समन्वयमा बैठक सम्पन्न




गान्तोक।

लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बाले गत ११ जुलाईको दिन जिल्ला प्रशासनिक केन्द्र गान्तोकमा पहिलो जिल्ला विकास समन्वय अनुगमन समितिको बैठकको अध्यक्षता गर्नुभयो।

बैठकमा बुर्तुक निर्वाचन क्षेत्रकी क्षेत्र विधायीका श्रीमती कला राई, बर्फुङ निर्वाचन क्षेत्रका विधायक श्री दिले नामग्येल बर्फुङपा, जिल्लापाल गान्तोक श्री तुसार निखारे, सिनियर एसपी तेन्जिङ लोडेन लेप्चा, अतिरिक्त जिल्लापाल, महकुमा, अन्य अधिकारी साथै विभागका प्रमुख, खण्डविकास अधिकारी (पाँच खण्डका), सिङतामका नगर पञ्चायत, अधिकारी, ईडीजेटपी अनि डीएसीका अधिकारीहरूको उपस्थिति थियो।

डीआइएसएचए समितिका अध्यक्ष डा. इन्द्रहाङ सुब्बाले आगामी बैठकका लागि तुलनात्मक तथ्याङ्क तयार गर्न विभागका पदाधिकारीलाई निर्देशन दिनुभयो। उहाँले भविष्यका डीआइएसएचए बैठकहरूमा विधायकहरूलाई आमन्त्रित गर्ने कुरा पनि राख्नुहुँदै आगामी सत्रहरूमा सम्बद्ध विभागहरूसँग व्यापक रूपमा संलग्न हुने आफ्नो इच्छा व्यक्त गर्नुभयो।

बुर्तुक निर्वाचन क्षेत्रका विधायीका श्रीमती कला राईले विभागलाई सम्बन्धित विभागहरू बीच बारम्बार समन्वय बैठकहरू गर्न आग्रह गर्नुभयो। कुनै पनि पूर्वाधार निर्माण वा कार्यान्वयन गर्नुअघि विभागहरूबीच समन्वय गर्नुपर्ने उहाँको भनाइ छ।

बर्फुङ निर्वाचन क्षेत्रका विधायक श्री दिले नामग्याल बरफुङ्पा, विधायक–गान्तोकले जानकारीमूलक डिआइएसएचए बैठकमा सहभागी भएकोमा कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले एघारबटा विभिन्न विभागका अधिकारीहरूसँग भेटघाट गर्ने अवसरको प्रशंसा गर्नुहुँदै उहाँहरूलाई आफ्नो काममा समयनिष्ठ र पारदर्शिता कायम गर्न आग्रह गर्नुभयो।

गान्तोकका जिल्लापालले बैठकका सहभागीहरूलाई पनि सम्बोधन गर्नुभयो। उहाँले अन्तर–विभाग र अन्तर–कार्यान्वयनकारी निकायहरूलाई दक्षता र दिगो बनाउन एकता रहेकोमा जोड दिनुहुँदै प्रत्येक विभागमा नागरिक वडापत्र हुनुपर्ने र विभागमा भिजन स्टेटमेन्ट र समयबद्ध सेवा प्रवाह हुनुपर्नेमा जोड दिनुभयो।

बैठकमा लाइन विभागका अधिकारीहरूद्वारा आफ्नो पावरपोइन्ट प्रस्तुत गरे। श्री आरबी भण्डारी, आयुक्त–जीएमसीद्वारा पहिलो प्रस्तुति गर्नुभयो। उहाँले जिल्लामा भएको फोहोरमैला व्यवस्थापनमा हालसम्म भएका प्रगतिबारे प्रकाश पार्दै कार्यान्वयनको जानकारी गराउनुभयो। उहाँले जिल्लाका १४ वटा फोहोर फाल्ने सवारी साधनको निगरानी गर्ने ट्र्याक जीपीएसको बारेमा जानकारी गराउनुभयो। उहाँले फोहोरको स्रोत पृथकीकरण कार्यान्वयनमा देखिएका महत्वपूर्ण चुनौतिहरुको बारेमा प्रकाश पार्दै यी अत्यावश्यक विषयहरुलाई प्राथमिकतामा राखेर सम्बोधन गर्न समितिका अध्यक्ष र सदस्यहरुलाई आग्रह गर्नुभयो।

सिङ्ताम जिल्ला अस्पतालका जिल्ला क्षयरोग अधिकृत डा.राजु सिंहले युनिभर्सल हेल्थ कभरेज बारे अन्तर्दृष्टिपूर्ण सम्बोधन गर्नुभयो। उहाँले स्वास्थ्य सेवा विस्तारको आवश्यकतालाई जोड दिँदै सबैको हेरचाह गर्न स्वास्थ्य कार्ड पहलको निर्णायक भूमिकाबारे प्रकाश पार्नुभयो।

अतिरिक्त जिल्ला कार्यक्रम संयोजक (एडीपीसी) सुश्री बेट्टी सुवेदीले आफ्नो प्रस्तुतिमा अतिरिक्त जिल्ला, विकास, गान्तोकअन्तर्गत विभिन्न केन्द्रीय प्रायोजित योजनाहरूको बारेमा जानकारी दिनुभयो।

सीईओ– गान्तोक, शिक्षा विभाग सुश्री छिमी डोन्का डेन्जोङ्पाले आफ्नो प्रस्तुतीकरणमा समग्र शिक्षा अन्तर्गत हस्तक्षेप–वार विनियोजन गरिएको उद्देश्य र कोषको मूल्यांकन गर्नुभयो। उहाँले पीएम पोशन योजनाको उद्देश्य र मुद्दाबारे पनि प्रस्तुति दिनुभयो।

जेई, जिला पञ्चायत–गान्तोक श्री जिग्मी दोर्जी भोटिया, ले ५ औं राज्य वित्त आयोगअन्तर्गत विभिन्न कार्यहरूको बारेमा जानकारी दिनुभयो। यसका साथै उहाँले जल जीवन मिशन (जेजेएम) को बारेमा पनि जानकारी गराउनुभयो।

अतिरिक्त प्रमुख इन्जिनियर, श्री सोनम चोदेन लेप्चा, जनस्वास्थ्य ईन्जिनियरिङ विभाग, (पीएचई), ले आफ्नो पावरपोइन्ट प्रस्तुतीकरणमा गान्तोक जिल्लाअन्तर्गत चलिरहेको पानी आपूर्ति योजनाहरूको स्थितिबारे जानकारी गराउनवुभयो।

एसई, सडक तथा पुल विभाग श्री छेवाङ जिग्मी लाचुङ्पाले संक्षेपमा चलिरहेका परियोजनाहरूको अवस्थाबारे गर्नुभयो। ग्रामीण विकास विभाग सहायक ईन्जिनियर श्रीमती सोनम ओङ्मु लेप्चाले प्रधानमन्त्री ग्राम सडक योजना (पीएमजीएसवाई) अन्तर्गत कामहरूबारे प्रकाश पार्नुभयो।

महिला तथा बाल विकास विभागकी उपनिर्देशक सुश्री ल्हान्जे डोन्काले एकीकृत बाल विकास सेवा (आईसीडीएस) का उद्देश्यहरू, लाभार्थीहरूको दायरा र कार्यक्रमअन्तर्गत राज्यका पहलहरूबारे अध्यक्षलाई जानकारी गराउनुभयो।

गान्तोकको वन तथा वातावरण विभागकी डीएफओ (टी) श्रीमती समिता सिलालले वन व्यवस्थापनको सन्दर्भमा विभिन्न विभागहरूले उठाएका विचारहरूलाई गहिरो रूपमा सम्बोधन गर्नुभयो।

## शवमन्दिरको जीर्णोद्धार.....

जनार्दन रताटे, प्रा. पतञ्जली मिश्र, प्रा. भगवती शरण शुक्ला र प्रा. नागेन्द्र पाण्डेले संस्कृत भाषा का विकास शीर्षकको वार्ता शृङ्खलाको सांस्कृतिक महत्व र मुख्य पक्षहरूबारे प्रकाश पारियो।

वार्ता सत्रमा विभिन्न विश्वविद्यालयका प्राध्यापक, व्याख्याता, विभिन्न विश्वविद्यालयका प्रमुख, संस्कृत विद्वान् र सामदोङ संस्कृत कलेजका विद्यार्थीहरुको सहभागिता थियो। कार्यक्रममा राज्यका विभिन्न विद्यालयका सरकारी संस्कृत शिक्षकहरुको पनि सहभागिता थियो।

भेलालाई सम्बोधन गर्दै राज्यपालले उपस्थित सबैलाई हार्दिक शुभकामना व्यक्त गर्नुभयो र हाम्रो संस्कृतिमा सम्मिलित

रहल पृष्ठ ४ मा..

# आदिकवि भानुभक्त आचार्यबारे टिपोट

–प्रो. दिवाकर प्रधान

१. भानुभक्तको न्वारानको नाम देवीभक्त हो । यो कुरो भीमनिधि तिवारीद्वारा रचित वरशिक्षा (१९५५)-को स्वकथनमा जनाइएको पाइन्छ । भानुभक्तका आमा-बाबुका नाम ध-बाटै उठेका छन् : धर्मवती र धनञ्जय ।

२. मोतीराम भट्टले 'भानुभक्त गोरखा भाषाका आदिकवि हुन्' लेखे तर जनताले आदिकवि मानेनन् । श्री३ जुद्ध शमशेरले 'भानुभक्तलाई आदिकवि माने हुन्छ' भनेपछि आदिकवि भन्नथालियो । दीननाथ सापकोटा, ताना सर्मा, गुमानसिंह चामलिङहरू 'आदिकवि' उपाधिको पक्षमा थिएनन् ।

३. मोतीराम भट्टको 'भानुभक्ताचार्यको जीवन चरित्र' (१८९१)-लाई डा. मोतीवीर राईले अङ्ग्रेजी अनुवाद 'दि लाइफ अब् भानुभक्त आचार्य' (१९८६) प्रकाशमा ल्याएका छन् । यसको बङ्गला अनुवादचाहिँ हरेन घोषबाट भएको छ ।

४. बिन्ती डिट्ठा विचारीसित म कति गरूँ चुप् रहन्छन् नबोली ।
बोल्छन् ता ख्याल् गऱ्याझैं अनि पछि दिनदिन् भन्दछन् भोलि भोली ।
की ता सक्तीन भन्नू कि तब छिनिदिनू क्यान भन्छन् यि भोलि ।
भोली भोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।
यस पद्यमा प्रयुक्त दुई शब्द डिट्ठा र बिचारी के हुन् ?
डिट्ठा संस्कृतमा डित्थ, नेपालीमा डिट्ठा = पदको नाम – क्षेत्रका सुब्बा पदभन्दा तल, गाउँका
मुखिया पदभन्दा माथिको पद ।
डिट्ठाजस्तै बिचारी पनि पदकै नाम हो ।
बिचारी = Jury = अराजपत्रित पद छेप gazette post न्यायालय वा पञ्चायतमा बिचारी रहन्थे ।

५. भानुभक्तका रचना खोजी गरेर प्रकाशित गर्ने व्यक्ति मोतीराम भट्ट हुन् । उनको प्रकाशन संस्था मोतीकृष्ण कम्पनी थियो । उनीपछि विश्वराज हरिहर शर्माले छापेका पुस्तकहरू पाटनका व्यापारी भाग्यमणि भिक्षाचार्य नेवारले दार्जिलिङ डुवर्सका हाटतिर बेच्ने हुँदा १८९०-देखि यता भानुभक्त परिचित भए । अहिलेको डम्बर चोकमा पसल फिँजाउँदथे । क्रिस्तान मिसनरीहरूले रामायण प्रचार गरेको मन पराएनन् । त्यहाँबाट उनलाई उठिबास लगाए । त्यहाँ भिक्टोरिया महारानीको मूर्ति राखियो । उनी इच्छे बस्तीमा सरुवा भए । त्यहाँ पारसमणि र अरू भाइहरू जन्मिए । उनै पारसमणि भानुभक्तका प्रगाढ प्रचारक बने ।

६. सुधपा र अरू सचेतजन मिलेर १९२४-मा नेपाली साहित्य सम्मेलन खोलेपछि भानुजयन्ती मनाए । त्यहीँदेखि समारोहपूर्वक भानुजयन्ती मानउने प्रथा बस्यो । १९८०-देखि मुम नरबहादुर भण्डारीले भानुजयन्तीलाई सिक्किमको प्रशासनिक पर्व घोषणा गरिदिएका थिए । १९२२-देखि खरसाङबाट गान्तोक गई टासी नाम्ग्याल स्कूलमा गुरुबाबू बनी नेपाली शिक्षा प्रचार गर्ने रश्मिप्रसाद आलेले १९४४-देखि विद्यार्थी भेला गरी आफ्नो कोठामा भानुजयन्ती मनाउनथालेको थाहा लाग्दछ ।

७. असममा पहिलो भानुजयन्ती मनाइएको १९५५-मा हो । पद्मश्री लीलबहादुर छेत्रीको पहलमा गोर्खा सेवा समाजको नेतृत्वमा गुवाहाटीको एम. ई. स्कूल भवनमा त्यो समारोह भएको थियो ।

८. क्यामेरामा खिचिएको भानुभक्तको छाञाछवि छैन । भानुभक्त कस्ता थिए भनी अभिकल्पना गरीकन बालकृष्ण समले आफ्नी चित्रकर्तृ छोरी ज्वाला समलाई बनाउनलाएको चित्र नै हामीले चिनेका भानुभक्त भए । त्यही चित्रको आधारमा मूर्तिकार E. E. Thompson-द्वारा बनाइएको पहिलो मूर्ति इसाब्द १९४८-मा नेसासले दार्जिलिङ नगरको चौरस्तामा स्थापना गरेको थियो । थोम्पसनले थुप्रै गोर्खाका अनुहार अध्ययन गरी बुझीकन मूर्ति कुँदेका थिए पनि भनिन्छ ।

९. भानुभक्तको पूर्णाङ्गी मूर्ति सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारीको तत्परतामा गान्तोकमा भानु उद्यान बनाई १९८१-मा स्थापना गरिएको थियो ।

१०. भानुभक्तको कृतित्वबारे भारतबाट अन्वेषण गरी प्रकाशमा ल्याइएको पहिलो ग्रन्थ भाइचन्द प्रधानको 'आदिकवि भानुभक्त' (१९५२) हो । त्यसअघि मोतीराम भट्टको 'भानुभक्ताचार्यको जीवनचरित्र' (१८८३), र ब्रह्म शमशेरको 'कवि भानुभक्त' (१९३८), भानुभक्तकी नातिनी तथा रमानाथकी छोरी विष्णुमाया शर्माको 'भानुभक्त मणिमाला' (१९४१) प्रकाशमा आइसकेका थिए ।

११. पारसमणि प्रधानद्वारा सङ्कलित र सम्पादित 'भानुभक्त ग्रन्थावली' (१९५२) नेपाली साहित्यको पहिलो ग्रन्थावली हो । पारसमणि प्रधानले लेखेको 'आदिकवि भानुभक्त आचार्य' (१९७९) भानुभक्तबारे लेखिएको पहिलो अङ्ग्रेजी पुस्तक हो ।

१२. साहित्य अकादमीबाट वी. राघवनको सम्पादनमा ' दि रामायण ट्रेडिसन इन एसिया' (१९८०)-मा कमला सांकृत्यायनको लेख 'रामायण इन नेपाली' संलग्न भएको छ ।

१३. असमकी साहित्यकार गीता उपाध्यायले असमियामा अनुवाद गरेकी भानुभक्तको रामायण (१९८७) असम साहित्य सभाले प्रकाशित गरेको थियो ।

१४. डा. (स्व.) शान्ति थापा ङहरपींळ ढ्हररि-ले 'तुलसीदासकृत रामचरितमानस और भानुभक्तकृत रामायण मे व्यक्त सामाजिक जीवन' शोधप्रबन्ध लेखेकी छन् । डा. गायत्री नेवार Gayotree Newar-ले 'माधव कन्धली आरू भानुभक्तार रामायणर तुलनामूलक अध्ययन' शीर्षकमा गुवाहाटीको गौहाटी विश्वविद्यालयबाट असमिया भाषामा विद्यावारिधि गरेकी छन् ।

१५. बालकृष्ण समको नाटक 'भक्त भानुभक्त' (१९४३) गौरीशङ्कर नाट्यसमूहद्वारा १९४५-मा मञ्चित भएको थियो । यहाँ भानुभक्तलाई साहित्यिकभन्दा धेर रामभक्त देखाइएको छ । Ck Shrestha सी.के. श्रेष्ठको 'सानुभक्त र काशी' (१९८५)-मा चर्मकार वृत्ति गर्ने काशीले बिहारमा बिल्डिङ बनाएको र छोरालाई प्रोफेसर बनाएको कथा सुनाउँदा स्थानीय बेकारी युवक सानुभक्त अरकच्च परेको देखाइएको छ ।

१६. अयन भनेको बाटो हो । राम हिँडेको बाटो रामायण हो । राम हिँडेको आदर्श बाटोमा जनगणलाई हिँड्न सिकाएको र नेपाली साहित्यलाई शुद्ध भाषा दिएको हुनाले भानुभक्तलाई मानिएको हो । आदर्श पथ बिराउने र अशुद्ध भाषा लेख्ने दोस्रो व्यक्तिलाई 'भारतका भानुभक्त' भन्नु उचित छैन ।

१७. भानुभक्तबारे पहिलो वृत्तचित्र सिक्किमबाट रमेशकुमार प्रधान (रमेश बादल) ठाशीह घीरी झीरवहरप -ले बानाएका हुन् । उनले तनहुँमै शोध अनि छायाङ्कन गरेर ११८५-मा पूरा गरेका थिए । साहित्यप्रेमी तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारीले वृत्तचित्र अभियानलाई सहयोग गर्न सरकारी निकाय नै प्रदान गरेका थिए ।


१८. ऋभानुभक्तले साहित्य लेखेका बेला भारतमा नवजागरणको प्रवाह चलिरहेको थियो । सतीप्रथा निराकरण अधिनियम १८२८, कन्याहत्या निराकरण, विधवा पुनर्विवाह आदि प्रचार हुँदैथिए । यी कुरादेखि भानुभक्त अनभिज्ञ थिए । उनका समकालीन कवि ज्ञानदिल यी विषयमा सचेत थिए । रचनामा प्राञ्जल भाषा र जनमनको ललित अभिव्यक्ति हुनाले गर्दा भानुभक्त जनताका कवि अनि विश्व गोर्खाका एकताका प्रतीक बने ।

## मुख्यमन्त्रीले सिक्किमका.....

प्रकाशित नेपाली दैनिक पत्रिका हिमालय दर्पणको सिक्किम संस्करणको पनि अनावरण गर्नुभयो।, प्रकाशक तथा मालिक हिमालय दर्पण श्री सन्दीप चौधरीलगायत अन्य महानुभावहरू र विशिष्ट अतिथिहरूको उपस्थिति थियो।
मुख्यमन्त्रीले हिमालय दर्पण परिवारलाई २३ वर्षे सेवाको लागि शुभकामना व्यक्त गर्नुभयो ।
नेपाली भाषी समुदायको एक महत्वपूर्ण हिस्सा बनेर २३ गौरवशाली वर्ष पूरा गरेकोमा हिमालय दर्पणको सम्पूर्ण परिवारलाई बधाई दिन दिनुभयो। यसले पत्रकारितामा उत्कृष्टता र समर्पणको लागि बलियो प्रतिबद्धता कायम राख्न सक्ने कुराको जानकारी उहाँले दिनुभयो।
मुख्यमन्त्रीले सिक्किमका पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीलाई नेपाली भाषाप्रतिको समर्पणका लागि श्रद्धाञ्जली अर्पण गर्नुभयो। जसले भारतीय संविधानमा यसलाई मान्यता दिनु महान काम गर्नुभएको थियो।

उहाँले उल्लेखनीय प्रगति पनि उल्लेख गर्नुहुँदै, २००३ मा, भारत सरकारले सिक्किम र पश्चिम बंगालका लिम्बू र तामाङ समुदायहरूलाई जनजातीको दर्जा दिएको थियो। हामीले अन्य छोडिएका समुदायहरूको लागि पनि यस्तै मान्यता प्राप्त गर्न हाम्रो प्रयास जारी राख्नुपर्छ,
यसका साथै मुख्यमन्त्रीले स्वास्थ्य र शिक्षामा सरकारका विभिन्न योजना, पहल र उपलब्धिबारे प्रकाश पार्नुभयो।

# राज्यपाल र मुख्यमन्त्रीद्वारा पूर्व मन्त्री स्व.आरसी पौड्यालको निधनमा श्रद्धाञ्जलि अर्पण



गान्तोक।
पूर्व मन्त्री स्व. रामचन्द्र पौड्यालको निधनमा राज्यपाल अनि मुख्यमन्त्रीद्वारा श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। गत ७ जुलाई को दिनदेखि बेपता रहनुभएका श्री पौड्यालको शव १६ जुलाईको दिन फेलापरेपछि १७ जुलाईमा जालीपुलस्थित घाटमा दाहसंस्कार गरियो। उहाँको निधनमा राज्यका राज्पाल साथै मुख्यमन्त्रीले श्रद्धाञ्जलि अर्पण गर्नुभयो, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले उहाँको वासस्थान छोटा सिङ्गताममा पुग्नुभएर दिवाङ्गत आत्मालाई श्रद्धाञ्जलि अर्पण गर्नुभयो।

स्व. आर.सी पौड्याल सिक्किमका प्रतिष्ठित वरिष्ठ राजनैतिक नेता हुनुहुन्थ्यो जसले सिक्किममा मन्त्रीमण्डलका मन्त्रीसम्म रहनुभएर काम गर्नुभयो। सिक्किममा झुल्केघाम नामक पार्टीको गठनगरी अध्यक्षता गर्नुहुने स्व. पौड्यालले सिक्किमको निम्ति विभिन्न विषयहरूद्वारा जागरूकता गराउने काम गरिरहनुभयो। उहाँ जस्तो विद्वान् आज राज्यले गुमाउनुपर्दा राज्यवासी शोकमा डुबेका छन्।

# सिक्किम सूचना आयोगद्वारा पाकिममा आरटीआईबारे जागरूकता कार्यक्रम आयोजित

पाकिम।
३ जूलाईको सिक्किम सूचना आयोगले आरडीडी सामुदायिक कम्प्लेक्स, रूर्बन पाकिममा सूचनाको अधिकार ऐन २००५ माथि एक जागरूकता कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा पाकिम जिल्लाका एडीसी(विकास) रबिन पीडी सेवाले आरटीआई ऐनको व्यापक लाभ सुनिश्चित गर्न मुनिल्लो सहमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सूचित व्यक्तिहरूको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्दै ग्राम पञ्चायत र पञ्चायती राज संस्था (पीआरआई) कार्यकर्ताहरूबीच आरटीआई ज्ञानको महत्त्वमा जोड दिनुभयो। उहाँले सिक्किम सूचना आयोगलाई सबै ब्लकका लागि जानकारीमूलक सत्र आयोजना गरेकोमा धन्यवाद दिनुभयो।

कार्यक्रमको क्रममा सिक्किम सूचना आगोगकी डेप्युटी रेजिस्ट्रार तथा विधि अधिकारी छिरिङ छोचेन भुटियाले आरटीआई ऐनको महत्त्वलाई जोड दिँदै कसरी नागरिकले सूचना अनुरोध गर्नको लागि कानूनको प्रभावकारी रूपमा उपयोग सक्छन् भन्नेबारे विस्तृत अन्तर्दृष्टि प्रदान गर्नुभयो। उहाँले आरटीआई आवेदन दाखिल गर्ने प्रक्रिया सूचना प्राप्त गर्नका लागि अपेक्षित समय सीमा र अनुरोध गर्न सकिने जानकारीका प्रकारहरूबारे पनि बताउनुभयो। आरटीआइ प्रक्रिया सम्बन्धी सहभागीहरूको जिज्ञासा र सरोकारलाई सम्बोधन गर्न अन्तरक्रियात्मक सत्र पनि आयोजन गरियो।

कार्यक्रममा पाकिमका खण्डविकास अधिकारी, पञ्चायती राज संस्थानका, आरटीआईका ओएस, सबै जीपीयूका पञ्चायत सभापति, पञ्चायत सदस्य, एसएचजी सदस्य, अतिरिक्त जिल्लापाल (विकास), पाकिम बीएसीका अधिकारी र शिक्षा विभागका अधिकारीहरू उपस्थिति थियो।

# सरदार रणबहादुर गुरुङ सरकारी वरिष्ठ माध्यमिक विद्यालय कलुकको परीक्षागृहमा २१० औँ भानु जयन्ती पालन

सोरेङ।
आज तारिख १३ जुलाई २०२४ शनिबारका दिन पीएम श्री, सरदार रणबहादुर गुरुङ सरकारी वरिष्ठ माध्यमिक विद्यालय कलुकको परीक्षागृहमा २१० औँ भानु जयन्ती समारोह बिद्यालय एवं तादुङ रिन्चेनपुङ ग्राम पञ्चायत इकाइको संयुक्त तत्वधानमा सम्पन्न भयो।

प्रमुख अतिथिको करकमलद्वारा दीप प्रज्वलनका साथ आजको कार्यक्रम शुभारम्भ भयो। यो कार्यक्रममा नेपाली बाद्यवादनका साथ शोभायात्रा गर्दै आएर पाठशालाको प्रेक्षागृहमा उपस्थित प्रमुख अतिथि सोरेङ जिल्ला महकुम अधिकारी श्रीमान सन्नी खरेल अनि अन्य विशिष्ट अतिथि जस्तै पाठशालाको जमिनदाता तादोङ निवासी श्रीमान अटलबहादुर गुरुङ, सोरेङ जिल्लाबाट पाल्नुभएका वरिष्ठ लेखापाल श्रीमान विष्णुप्रसाद शर्मा, कलुक बजार निवासी वरिष्ठ सामाजिक कार्यकर्ता श्रीमान किन्तुपछिरिङ भुटिया, श्रीमान बिके प्रधान सोरेङ जिल्लाका नेवार गुठीका अध्यक्ष को पनि उपस्थिति रहेको थियो।

पाठशाला प्रबन्धन समिति र अभिभावक गणको बाक्लो उपस्थिति रहेको आजको कार्यक्रममा विभिन्न प्रकारका प्रतियोगितात्मक कार्यक्रमलाई समावेश गरिएको थियो। जस्तै कविता वाचन, रामायण पाठ, संगिनी नृत्य, बालन नृत्य, झाँकी प्रदर्शनीका साथै स्वर्गीय छात्र पूर्ण राई स्मारक चित्रकला प्रतियोगिता आदि प्रमुख छन्।

यसपालिको भानु जयन्ती समारोहमा सिक्किमेली समाजमा मिलेर बसोबासो गर्नुभएका विभिन्न जातिलाई पनि नेपाली भाषाको प्रदर्शनीका साथै समावेश गरि नयाँ आयाम थपिएको थियो त्यो हो लिम्बु, लेप्चा र भोटिया भाषामा समेत स्वरचित कविता पाठ प्रतियोगिता।

आजको यस कार्यक्रममा अभिनन्दनका साथै विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुर्याउनु भएका व्यक्तिलाई सम्मान जनाउँदै स्मृति चिन्ह प्रदान गरियो भने आजका माननीय मुख्य अतिथिले आफ्नो भाषणमा भानुभक्तिय रामायणको महत्व आधुनिक समयमा रहेको, भाषा शक्तिको महत्व एवं यसको अभिवृद्धिका लागि गरिनुपर्ने विभिन्न अभ्यास, भाषा र संस्कृतिलाई जोगाई राख्नका निम्ति यस्ता कार्यक्रम नियमित रुपले आयोजित हुनुपर्ने विषयमा जोड दिनुभयो भने मानसिक स्वास्थ्यलाई अडान लिँदै आदानप्रदानमा भाषाको सक्दो प्रयोग गरी एकअर्काको सुख–दुखको सहयात्री बन्दै यो जीवनलाई सुनाउलो बनाएर बर्बाद हुनबाट जोगाउने बिन्ती समेत गर्नुभयो।

विभिन्न रङ्गारङ कार्यक्रम एवं साहित्यिक कार्यक्रमहरू समावेश भएको आजको समारोह पाठशालाका प्राचार्य महोदयको स्वागत सम्भाषणबाट शुरू भएर श्रीमान सञ्जय राई एवं मिराहांगित राईद्वारा सञ्चालित हुँदै समितिका अध्यक्ष श्रीमान कृष्णप्रसाद शर्मा तादुङ रिन्चेनपुङ पञ्चायत इकाईका अध्यक्षले राख्नुभएको धन्यवाद ज्ञापन पश्चात् विजयी प्रतिस्पर्धीहरूलाई पारितोषिक वितरणका साथ समाप्त भयो।

## २१०औँ भानुजयन्ती .....

माध्यामिक विद्यालय गान्तोक।
यसैगरी खुल्ला कविता प्रतियोगिता
सुश्री बबिता खालिङ – परेङगाउँ, सोरेङ जिल्ला
– सुश्री पूजा छेत्री– बेरिङ, पाकिम जिल्ला
– श्री सविन राई – मंगलबारिया, सोरेङ जिल्ला
–अन्तरविद्यालय शोभा यात्रा प्रतियोगिताका विजेताहरू:
– सर टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालय, गान्तोक।
– राङ्का वरिष्ठ माध्यमिक विद्यालय, गंगटोक
– लिटल पिक्सेस अन्तर्राष्ट्रिय विद्यालय, गान्तोक।
सो अवसरमा नेपाली साहित्य परिषद्को वार्षिक प्रकाशन 'भानु स्मारक' र अन्य पुस्तक प्रकाशनको पनि विमोचन गरियो।
त्यसैगरी, नेपाली साहित्य परिषद सिक्किमले प्रमुख अतिथि, विशेष अतिथि, नेपाल र कालिम्पोङबाट आएका विशिष्ट अतिथिहरूलाई सम्मान गऱ्यो।
कार्यक्रममा पूर्व विधायक, जिला अधिकारी, उत्तर जिल्ला, मेयर जीएमसी, उपमेयर जीएमसी काउन्सिलरहरू, विभाग प्रमुखहरू, अधिकारीहरू, नेपाली साहित्य परिषद–सिक्किमका प्रतिनिधिहरू, पुरस्कार विजेताहरू, साहित्यिक व्यक्तित्वहरू, भाषा विज्ञहरू, अनुसन्धानकर्ताहरू, संघसंस्था, महानुभावहरू, नेपालका अतिथिहरू, र कालिम्पोङ, शिक्षकहरू र विद्यार्थीहरूको बाक्लो उपस्थिति रहेको थियो।
कार्यक्रम सांस्कृतिक प्रस्तुति, विभिन्न संघसंस्थाहरुलाई प्रशंसा पत्र, पुरस्कार वितरण र नेपाली साहित्य परिषद सिक्किमका प्रचार सचिव श्री जोसेफ लेप्चाले धन्यवाद ज्ञापनसँगै २१०औँ भानु जयन्ती कार्यक्रम समापन गरियो।

## शवमन्दिरको जीर्णोद्धार.....

पुर्खाको ज्ञानको कालातीत सारलाई जोड दिनुभयो। उहाँले अझ भन्नुभयो कि संस्कृत भाषा हो र संस्कृति जीवन शैली हो जसले भारतीय नैतिकता र मूल्यहरूलाई मूर्त रूप दिन्छ। उहाँले यो पनि जोड दिनुभयो कि, यद्यपि संस्कृत अझै पनि राज्यमा यसको प्रारम्भिक चरणमा छ, सिक्किमको जीवन शैलीले संस्कृतलाई प्रतिबिम्बित गर्दछ जुन हामी सबैलाई गर्व छ।

सिक्किम अभिन्न अंग भएकोमा आफ्नो विशेषाधिकार व्यक्त गर्दै, जहाँ संस्कृति फस्टाउँछ र महिला र बालबालिकाहरू उनीहरूको संस्कृतको सुरक्षित वातावरणमा बस्छन्, राज्यपालले संस्कृतको संरक्षण र प्रवर्द्धन गर्न सिक्किम सरकारको पहलको प्रशंसा गर्नुभयो। उहाँले सीमाना पार गर्ने एकता शक्तिको रूपमा संस्कृतको थप चेतना र प्रशंसा गर्न भेलालाई आग्रह गर्नुभयो।

यसबाहेक, राज्यपालले सिक्किममा संस्कृत भाषा र सम्पदालाई बढावा दिएर भावनात्मक र सांस्कृतिक सम्बन्धलाई सुदृढ पार्ने सरकारको प्रयासलाई पुन: पुष्टि गर्नुभयो। यसको साथै उहाँले संस्कृतको सुदृढीकरणसँगै भारत 'विश्व गुरु' बन्ने कुरामा जोड दिनुभयो।

यसअघि सरकारी विद्यालय संस्कृत कलेज, सामदोङका विद्यार्थीद्वारा संस्कृत भाषाको महत्वमाथि मंगलाचरण र विषयगत नृत्य प्रस्तुत गरियो।
यस अवसरमा राज्यपालले राजभवनमा तीन दिने महानुष्ठान प्रदर्शन गर्ने काशी र सिक्किमका विशिष्ट अतिथिहरूलाई पनि सम्मान गरियो।

# पाकिम भारतीय न्याय संहितामा महिला केन्द्रित प्रावधानमाथि सचेतना कार्यक्रम

गान्तोक।
गतः १० जुलाईको दिन महिला तथा बाल विकास विभागको मिशन शक्ति योजनाअन्तर्गत महिला सशक्तिकरणका लागि जिल्ला हब (डिएचईडब्ल्यु)–ले पाकिमको आरडीडीस्थित एसआरएलएम ब्लक कार्यलयमा भारतीय न्याय संहितामा महिला केन्द्रित प्रावधानहरूमाथि केन्द्रित अन्तर्दृष्टिपूर्ण सचेतना कार्यक्रम आयोजन गरिएको थियो।
कार्यक्रमको उद्देश्य भारतीय कानुनी ढाँचाभित्र रहेका महिलाहरूलाई उनीहरूको कानुनी अधिकारबारे शिक्षित र सशक्त बनाउनु थियो। स्रोतवक्ताका रूपमा उपस्थित पाकिमका एसएचओ प्रदीप छेत्रीले १ जुलाईदेखि लागू भएको नयाँ कानुनी सरंचना भारतीय न्याय संहिता( बीएनएस)बारे उपस्थित सबैलाई जानकारी दिए। उहाँले बीएनएसले भारतीय दण्ड संहिता(आईपीसी) मा रहेका कमीकमजोरी र अस्पष्टताहरूलाई सम्बोधन गर्दै नागरिक,विशेष गरी महिला, बालकबालिका र सीमान्तकृत समूहको सुरक्षाका लागि थप प्रभावकारी र न्यायचित कानुनी प्रावधान सुनिश्चित गर्ने बताउनुभयो।
छेत्रीले बीएनएसमा मुख्य परिवर्तनबारे जानकारी दिए, जसमा शारीरिक अपराध, महिलाविरूद्ध यौन अपराध, सङ्गठित अपराध, र अन्य विषयमा अवगत गराए। उहाँले यस्ता घटनाको रिपोर्टिङको महत्त्वमाथि जोड दिँदै कुनै पनि बाल अपराध र बालविवाह सम्बन्धी जिम्मेवारीबारे प्रकाश पारे।
कार्यक्रममा महिला तथा बाल विकास विभागकी उपनिर्देशक दिकित लेप्चा, पाकिमकी एसआई संगीता खतिवड़ा एपीएम र बीपीएम एसआरएलएम र स्वयं सहायता समूहहरूको उपस्थिति रहेको थियो।

# आईएचसीएई टोली महिनाव्यापी पर्वातारोहण अभियानका निम्ति लेह लद्दाख प्रस्थान

गान्तोक।
१० जुलाईको दक्षिण सिक्किमको इण्डियन हिमालयन सेन्टर फर् एडभेञ्चर एण्ड इको टुरिजम (आई एचसीएई), चेम्चेको १० सदस्य टोली महिनाव्यापी पर्वातारोहण अभियानको निम्ति लेख लद्दाख प्रस्थान भएका छन् । मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पर्वतारोहण टोलीलाई झन्डा हल्लाएर प्रस्थान गराउनुभयो।
मुख्यमन्त्रीले आफ्नो आधिकारिक फेसबुक पेजमा जानकारी गराउनुभए अनुसार आईएचसीईई, चेम्चेको १० सदस्यीय टोली लेह लद्दाखको मार्खा भेल्लीस्थित काङग्रय्यात्सा शिखर र शिखरको महिनाव्यापी पर्वतारोहण अभियानमा गइरहेको छ। टोलीका सदस्यहरूसँग मुख्यमन्त्रीले अन्तरक्रिया गर्नुभयो।
मुख्यमन्त्रीले राजीव राई र शान्ति राईको अगुवाइमा रहेको टोलीलाई झन्डा हल्लाएर प्रस्थान गराउनुभयो। उहाँले अभियानको सफलताको निम्ति टोलीलाई शुभकामना व्यक्त गर्नुभयो।

# नान्डोक गुम्पा परिसरमा व्यापक वृक्ष रोपन

गान्तोक।
गत २ जुलाईको दिन मेरो रूख मेरो सन्तति अर्थात मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले) द्वारा शुरू गरिएको ध्वाजवाहक कार्यक्रम अन्तर्गत सियारी समष्टिको नान्डोक गुम्पा परिसरमा व्यापक वृक्ष रोपन गरियो। पूर्व मन्त्री कुङ्गा निमा लेप्चाको अगुवाईमा गुम्पा परिसरमा वृक्ष रोपन गरिएयो।कुल १५०० वटा जति विभिन्न प्रजातिका रूखका बिरूवाहरू गुम्पा परिसरमा रोपन गरियो। कार्यक्रममा बीडीओ टीटी भोटिया सीएलसी अध्यक्ष भीम बहादुर तामाङ, पञ्चायत अध्यक्ष उपध्यक्ष, नानडोक वार्ड पञ्चायत खुशमाया छेत्री, लोवर नान्डोक वार्डपञ्चायत अनि उच्च पदस्त अधिकारीहरू,साथै अन्यको उपस्थिति रहेको थियो।

**विरुवा रोपनमा मन लगाऔँ**
**स्वास्थ्य जीवन बाँचौँ**

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 300 Cps. 19. 01. 2024